**अनुसूची - ५**

आदिवासी जनजाति सूचिकरण कार्यसमूहको सूचना

साल्पासिलिछो गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

**आदिवासी जनजाति सूचिकरण कार्यसमूहको अत्यन्त जरुरी सूचना**

**मिति २०८१।०१।१२**

यस **साल्पासिलिछो** गाउँपालिकाको आदिवासी जनजातिहरुको सूचीकरण गर्ने उद्धेश्यले **साल्पासिलिछो** गाउँपालिका गाउँकार्यपालिकाको मितिः २०७९ ।११ |१४ गते बसेको कार्यपालिकाको बैठकबाट आदिवासी जनजातिहरुको सूचीकरण कार्यविधि, २०७९ अनुमोदन भए बमोजिम आदिवासी जनजातिको सूचिकरणका लागि अध्ययन अनुसन्धान गरि सुझाव पेश गर्न गाउँपालिका उपाध्यक्ष एबं आदिवासी जनजातिको सूचिकरण कार्य समूहको संयोजक श्री **अस्मिता कुलुंङ** को संयोजकत्वमा ३ सदस्यीय कार्यसमूह गठन भई कार्यसमूहले कार्य प्रारम्भ गरिसकेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । आफुलाई आदिवासी जनजाति हौ भनी सूचीकरण गर्न गराउन चाहने **(आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा आदिवासी जनजाती भनि सुचिकृत जनजातीहरु बाहेक)** छुट्टै पहिचानको माग गर्ने सामाजिक, सांस्कृतिक समुदायहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न विशेषताहरु समेत आधार मानी औपचारिक रुपमा साल्पासिलिछो गाउँकार्यपालिकाको कार्यालयमा आवेदन दिन सुचित गरिन्छ ।

संयोजक

आदिवासी जनजाति सूचकिरण कार्य समूह

विशेषताहरु

१. साझा भाषाको मान्यता

२. साझा आर्थिक जीवन शैली तथा उत्पादन सम्बन्ध

३. साँस्कृतिक एकरुपता र साझा भूगोल

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत/मान्य परिभाषा

५. साझा पहिचान

६. साझा इतिहास (लिखित/अलिखित)

७. धर्म, संस्कृति र मूल्य मान्यता

८. यसका अतिरिक्त आफ्नो जातीय पहिचानको विशिष्ट आधारहरु भएमा सो समेत विस्तृत रुपमा उल्लेख गर्ने

यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यसमूहको कार्यालय वा उपाध्यक्ष ज्यू को सचिवालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।